# गौरीशंकर गाउँपालिका
# Gaurishankar Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

सुरी, दोलखा। Suri, Dolakha.
बागमती प्रदेश, नेपाल। Bagmati Province, Nepal.

पत्र संख्या/ Ref. No. :- ०७७/७८
चलानी नं. /Dispatch No.:- ९२२
मिति/ Date:- २०७७/०५/२६

**विषय: प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने समयाबधि थप गरिएको बारे।**

प्रस्तुत विषयमा यस गौरीशंकर गाउँपालिकाको प.सं. ०७७।७८, च.नं. ७३, मिति २०७७।०४।१९ गते प्रकाशित सूचना बमोजिम यस कार्यालयमा कोभिड - १९ को संक्रमण देखिएको कारणले गर्दा अत्यावश्यक सेवा बाहेकका अन्य सेवा प्रवाहमा रोक लगाइएको कारण यस कार्यालयमा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पदपूर्तिका लागि मिति २०७७।०४।१९ मा प्रकाशित सूचना बमोजिम आजको मितिबाट लागू हुने गरी ५ (पाँच) दिन थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ। साथै निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ५ दिनभित्र माग भए बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ००१।०७७।७८ | प्राविधिक सहायक | स्थानिय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव:**

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको।

ख) अनुभव र सीप: प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ:

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

ग) उमेर कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

**२) दरखास्त दिने स्थान:** गौरीशंकर गाउँपालिकाको कार्यालय, सुरी, दोलखा।

**३) दरखास्त दिने अन्तिम मिति:** २०७७।०५।३० (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा भएमा सो को भोलीपल्ट कार्यालय समय भित्र दरखास्त दिन पाइनेछ)।

**४. आवेदनको दस्तुर:** रु. ६००।- (अक्षरुपी रु. छ सय मात्र।)

**५. छनौटको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा।

**६. आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

क) आवेदक स्वंयमले प्रमाणित गरेको नागरिकता, न्यूनतम योग्यताको लाब्धांक प्रमाणपत्र, अनुभव खुल्ने कागजात, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो।

ख) हिमालयन बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ०५६०७६५०३९००१८ मा राजश्व तिरेको सक्कल भौचर।

**७. सेवा सुविधा:** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया बमोजिम हुनेछ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण:** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया बमोजिम हुनेछ।

**नोट:** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।

प्रमुख प्रशासकीय अधिकृत

Gmail:gs.dolakha@gmail.com website:Gaurishankarmun.gov.np Phone: 049691351